**कोरोना भाइरस सम्बन्धी प्रदेश ५ को अवस्था**
**बाँके । ०७७ वैशाख १६ गते**
प्रदेश सरकारले कोरोना भाइरसविरूद्ध लड्न आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रका चिकित्सकहरूलाई परिचालन गर्ने भएको छ ।

**इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसी**का अनुसार प्रदेश सरकारले कोरोना भाइरसविरूद्ध लड्न आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रका चिकित्सकहरूलाई परिचालन गर्ने भएको छ ।
आयुर्वेद चिकित्सा मार्फत मानिसको रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागि उक्त क्षेत्रका चिकित्सकहरूपरिचालन गर्न लागेको प्रदेश ५ का सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
वैशाख १६ गते सामाजिक विकास मन्त्रालयले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा सामाजिक विकास मन्त्री सुदर्शन बरालले रोग प्रतिरोधात्मक क्षमता बढाउनकालागि आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रलाई क्रियाशिल गराउन लागिएको बताउनु भयो ।
मन्त्री बरालले प्रदेश भित्र रहेका आयुर्वेद तर्फका चिकित्सक र स्वास्थ्यकर्मीहरुलाई क्वारेण्टाइनहरूमा परिचालन गरी क्वारेण्टाइनमा रहेका व्यक्तिहरूको रोग प्रतिरोधात्मक क्षमता बढाउन र तनाव व्यवस्थापनमा सहयोग पुग्ने बताउनु भयो ।
यसैगरी मनोचिकित्सक र योग प्रशिक्षकहरू पनि परिचालन गर्ने गरि कार्ययोजना बनाइ जिल्लामा मनोचिकित्सक र योग प्रशिक्षकको जनशक्ति पहिचान भइसकेको बताउनु भयो ।
प्रदेश सरकारले प्रदेश अन्तरगतका चिकित्सालयलाई लक्षित गरी भौतिक पूर्वाधार, औषधि, उपचार सामाग्री र जनशक्ति व्यवस्थापनमा काम गरिरहेको र जिल्ला स्तरका आयुर्वेदहरूलाई १ लाख रुपियाँका दरले पठाई सकेको बताउनु भयो ।
प्रदेश ५ मा बुटबल र दाङमा आयुर्वेद औषधि उत्पादन गर्नेगरी काम अगाडि बढाइएको छ । प्रदेश ५ मा एउटा प्रादेशिक आर्युवेद चिकित्सालय, दुई वटा अञ्चल तहको, आठ वटा जिल्ला तहको र ३९ स्थानीय तहमा ५४ वटा आयुर्वेद केन्द्रहरूमा २ सय ७३ जना स्वास्थ्यकर्मी रहेका छन् । जस मध्ये १५ जना चिकित्सक रहेका छन् ।
आयूर्वेद चिकित्सक डा. पुष्पराज पौडेलले आयुर्वे्दिक चिकित्सा मार्फत कोरोना नियन्त्रण सम्भव हुने भएकाले प्रदेशमा पहिलो पटक आयुर्वेद तर्फका स्वास्थ्यकर्मीलाई परिचालन गर्न लागिएको बताउनु भयो ।
सामाजिक बिकास मन्त्रालयले 'आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिबाट कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापन गर्ने सन्दर्भमा स्रोत सामाग्री-२०७७' समेत जारी गरेको छ ।

**इन्सेक बर्दिया जिल्ला प्रतिनिधि मानबहादुर चौधरी**का अनुसार बारबर्दिया नपा-४ घोरपिट्टाका दुई जना पति पत्नीलाई गाउँको कुनै पनि गतिविधिमा समावेश नगराउने भन्दै बहिष्कार गरिएको छ ।
कोराना भाइरस महामारी फैलिन नदिन जिल्ला बाहिरबाट गाउँ प्रवेश गरेपछि क्वाराण्टाइनमा बस्न नमानेपछि घोरपिट्टा गाउँको भेलाले वैशाख १५ गते देखि गाउँ बहिष्कार गर्ने निर्णय गरेको हो ।
पति पत्नी मजदुरीकालागि नेपालगञ्ज गएको र लकडाउन भएपछि घर फर्किएका थिए । गाउँमा प्रवेश भएपछि क्वारेण्टाइनमा बस्न भनेका थिए । घरमै नियम पालना गरी बस्ने प्रतिपद्धता गरेपछि उनीहरूलाई घरमै बस्न दिएको थियो । 'उनीहरूले प्रतिवद्धता विपरित गाउँमा अरूको घरमा जाने, मादक पदार्थ सेवन गर्ने, असुरक्षित व्यवहार गर्न थालेपछि गाउँले नियन्त्रणमा लिएर क्वारेण्टाइनमा राख्न खोजेपछि गाउँनै छोडेर भागेका थिए ।,' स्थानीय राजकुमार विकले भने ।

उनीहरू आफु र अरूलाई असुरक्षित बनाउँदै हिडेको र समाजलाई पनि चुनौती दिएकोले पति पत्नी दुबैलाई बहिष्कार गरिएको घोरपिट्टाका बडघर कुकारी थारुले बताउनु भयो ।

**इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्याल**का अनुसार जिल्ला समन्वय समिति गुल्मीले कोरोना रोकथाम तथा नियन्त्रणको बिषयमा अनुगमन गर्ने भएको छ । जिल्ला समन्वय समिति प्रमुख लक्ष्मण पराजुलीको अध्यक्षतामा बसेको बैठकमा प्रदेश ५ का प्रदेश सभा सदस्य कमलराज श्रेष्ठ, दिनेश पन्थी, खडग केसी र  प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्मा लगायतको उपस्थिती रहेको थियो । बैठकले प्रदेश निर्वाचन क्षेत्र अनुसार अनुगमन समिति गठन गरेको छ ।
अनुगमन समितिले वैशाख १८ गतेबाट आ-आफ्नो क्षेत्रको स्थानीय तहमा भएका क्वारेण्टाइन र राहत वितरण लगायत कोरोना नियन्त्रण र रोकथामको बिषयमा भएका कामहरूको अनुगमन गर्ने जिल्ला समन्वय प्रमुख लक्ष्मण पराजुलीले जानकारी दिनुभयो । उहाँले भारत र नेपालकै कोरोना संक्रमित स्थानबाट आएका बाहेक अन्य ठाउँबाट आउनेलाई स्थानीय तहले तोकेको क्वारेण्टाइनमा राख्न सुझाव दिने निर्णय भएको बताउनु भयो ।

**इन्सेक प्यूठान जिल्ला प्रतिनिधि  रविन्द्र पाण्डे**का अनुसार जिल्लाका स्थानीय तहहरूको क्वारेण्टाइनमा बस्ने व्यक्तिहरूलाई व्यवस्थापन गर्न समस्या भएको स्थानीय तहले जनाएका छन् ।
जिल्ला बाहिर रहेका आफ्ना नगरिकहरूलाई स्थानीय तहमा ल्याउनुको  साथै केही राजनीतिक दलका नेताहरूले आफ्नो प्रभाव देखाउन जिल्ला बाहिरबाट जिल्लामा भित्र्याउने कार्यले स्थानीय तहले निमार्ण गरेका क्वारेण्टाइन भन्दा बढी नागरिक आउदा व्यवस्थापन समस्या भएको नौवहिनी गाउँपालिका अध्यक्ष शिव रिजालले जानकारी दिनुभयो ।
जिल्ला बाहिर बाट आउने  नागरिहरूको सङ्ख्या धेरै भएकोले विद्यालयहरूलाई क्वारेण्टाइनमा रुपमा प्रयोग गर्दै आएको  जिल्ला प्रशासन कार्यालयले  जनाएको छ ।

**इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती आचार्य**का अनुसार कपिलवस्तुको बुद्धभूमि नपालेसबै वडामा राहत बैंक स्थापना गर्ने भएको छ । कोरोना भाइरसको सङ्क्रमण रोकथामका लागि जारी लकडाउनमा अति विपन्न, गरिब, मजदुर, असहायहरूकालागि नपाले राहत बैंक स्थापना गर्ने निर्णय गरेको  मेयर केशव कुमार श्रेष्ठले बताउनु भयो । उहाँले आवश्यक सामाग्री टेण्डर मार्फत खरिद गरिने बताउनु भयो ।
लकडाउनको अवधि थपिएसँगै कसरी अगाडि बढ्ने  भन्ने बिषयमा प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलको संयोजकत्वमा संघीय तथा प्रदेश सांसद सहित सुरक्षाकर्मी र सरोकारवालाहरू विच सर्वपक्षिय वैठक सम्पन्न भएको छ । वैठकले अत्यावश्यक काम सुचारु गर्दै सिमा क्षेत्रलाई थप कडाइ गर्ने निर्णय गरेको छ । यसैगरी लकडाउन कार्यन्वयन गराउनुको साथै अति आवश्यक कामहरूलाई खुकुलो बनाउने निर्णय भएको छ ।
जिल्ला प्रशासन कार्यालय कपिलबस्तुले स्वाव परीक्षणका लागि  जिल्लाका पाँच स्थानमा नमूना सङ्कलन गर्न   नेपाली सेनाको निर्देशनालयलाई सफारिस पठाएको छ । प्रजिअ पौडेलले बताउनु भयो ।

**इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुली**का अनुसार  कोरोना भाइरस सङ्क्रमणको जोखिम कम गर्न जारी गरिएको लकडाउनमा मजदुर तथा विपन्न वर्गको जीवनयापन

सहज बनाउन वितरण गरिएको खाद्यान्नमा गुणस्तरहीन राहत बाँडेको आरोपमा राजेश राईस मिलमाथि मुद्दा दायर गरिएको छ ।
चैत २८ गते  रामग्राम नगरपालिकाले वितरण गरेको चामल कुहिएको र खान अयोग्य भएको भन्दै रामग्राम नपा- ११ का गरिव विपन्न वर्गले नगरपालिकाको मूल गेटमा ल्याएर फालेका थिए ।
रामग्राम नपालाई गुणस्तरहीन चामल विक्री गरेको भन्दै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय , भैरहवाले राजेश राइस मिलका सञ्चालक रामग्राम नपा- ६ पोखरापालीका व्यवसायी पटवारी बानियाविरूद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेको  खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवाका प्रमुख विमल कुमार दाहालले जानकारी दिनु भयो ।

**इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुन**का अनुसार कोरोना विशेष अस्पताल बेलझुण्डीमा स्वाव सङ्कलन बुथ स्थापना गरिएको छ । भैरव युपिभिसी एण्ड स्टील इण्डस्ट्रिजको सहयोगमा बुथ स्थापना गरिएको हो । कोरोना विशेष अस्पतालमा रहेका बिरामीहरूको स्वाव सङ्कलनका लागि स्वास्थ्यकर्मी तथा प्राविधिकहरूको स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै बुथ हस्तान्तरण गरिएको कोरोना विशेष अस्पतालका सुपरिटेण्डेन्ट डा.सर्वेश शर्माले जानकारी दिनुभयो । खुल्ला कोठामा स्वाव सङ्कलन गर्दा स्वास्थ्यकर्मीमा बढेको कोरोना जोखिमलाई  बुथले कम गरेको अस्पतालले जनाएको छ । उक्त बुथबाट शङ्काष्पद बिरामीहरूको स्वाव सङ्कलन थालिएको छ ।
यसैगरी कोरोना विशेष अस्पताल बेलझुण्डीबाट पठाइएका चारवटा नमूनाको  राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले परीक्षण  ढिलाई गरेको भन्दै फिर्ता गरेर नेपालगञ्ज पठाएको छ । वैशाख १४ गते पिसिआर परीक्षणका लागि प्रतिष्ठानमा पठाएको र १५ गते साँझ सम्म पनि परीक्षण नगरेको र अझै समय लाग्ने जनाएपछि स्वाव फिर्ता गरि नेपालगञ्ज पठाइएको कोरोना विशेष अस्पतालका सुपरिटेण्डेन्ट सर्वेश शर्माले जानकारी दिनुभयो । प्रतिष्ठानले परीक्षणका लागि कीटको कमी रहेकोले समस्या भएको जनाएको छ ।

**इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसाल**का अनुसार नेपाल भारत सिमा नाका सुनौली बाट प्रतिनिधि सभा सांसद र प्रदेश सांसदको पहलमा २९ दिन देखि अलपत्र रहेका ८८ जनालाई उद्धार गरी जिल्ला ल्याइएको छ । उनीहरू सबैलाई स्थानीय तहको क्वारेण्टाइनमा राखिएको छ  लकडाउनका दुध अभाव भएपछि  सन्धिखर्क नपा- ७ मा रहेको छुर्पी उधोग बन्द भएको छ ।
**इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज**